# गण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भुमलिचोक - गोरखा
गण्डकी प्रदेश


पत्र संख्याः ०८१/८२
च. नं :

मितिः २०८१-०९-०३
ने.सं.: ११४५ थिंलागा ३ बुधबार

**मकै प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना**

**सूचना । सूचना ।। सूचना ।।।**

**<u>प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०३</u>**

यस गण्डकी गाउँपालिका कृषि विकास शाखाबाट संघिय सशर्त अनुदान कार्यक्रम अनुरुप बाली विकास कार्यक्रम अन्तर्गत मकै प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न लागिएको हुँदा गण्डकी गाउँपालिका भित्रका कृषि व्यवसाय एवम् सहकारी सम्बन्धी संलग्न ईच्छुक कृषकसमुह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ दिन (मिति २०८१।०९।०३देखि२०८१।०९।१७गते) भित्र सम्बन्धित वडा कार्यालयमा तपशिल अनुसारका कागजातहरू संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ।

**<u>आवश्यक कागजातः</u>**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
२. निजि फर्मको हकमा निवेदन तथा संस्था/समूहको हकमा कार्यक्रम माग गरिएको सम्बन्धी निर्णय गरिएको माइनुट।
३. कृषि व्यवसाय गर्ने अनुसूची अनुसारको प्रस्ताव ( व्यवसायिक उत्पादनको हकमा )।
४. निजी फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी ।
५. निजी फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित स्थानीय तहको प्रमाण ।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
७. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरू ।

(नोटः कृषि उत्पादन सामाग्री तथा कृषि औजार तथा उपकरणहरुमा बढिमा ५० प्रतिशत र साना सिंचाई पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ।)

२०८१/०९/०३
भुवन चापागाई
प्रमुख प्रशासकीय अधिकृत

भुवन थापामगाई
प्रमुख प्रशासकीय अधिकृत

मकै प्रवर्द्धन कार्यक्रमको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति:

श्री प्रमुख ज्यु,

.....................................,

.......................................... ।

**विषय: मकै प्रवर्द्धन कार्यक्रममा सहभागि गराइदिने बारे।**

महोदय,

तहाँ कार्यालयबाट मिति....................................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको...................................कार्यक्रमको उद्देश्य, लागत, समयावधी, लाभान्वित जनसंख्या लगाएतको विवरण तपशिलमा उल्लेख गरिएको छ। उक्त मकै प्रवर्द्धन कार्यक्रमको लागि हाम्रो यस क्षेत्र सम्भावित रहेको हुनाले मकै प्रवर्द्धन कार्यक्रममा समावेश गराइदिनुहुन अनुरोध छ।

<u>तपशिल:</u>

१. अनुदानग्राहीको नाम :

२. ठेगाना :

३. स्थानीय तहको नाम :

४. वडा नं:

५. कार्यक्रमको नाम :

६. कार्यक्रमको उद्देश्य :

७. कार्यक्रम आवश्यक पर्नुको कारण :

८. कार्यक्रम सञ्चालन गर्न लाग्ने कुल लागत :

९. कार्यक्रम सम्पन्न गर्न लाग्ने समय :

१०. कार्यक्रमवाट लाभान्वित जनसंख्या :

<u>निवेदन</u>

अध्यक्ष/ प्रतिनिधिको दस्तखत :

नाम थर :

पद :

सम्पर्क नं :

मिति :

संस्थाको छाप :